# अर्थ बुलेटिन

वर्ष ५ अंक १० बैशाख, २०८१

नेपाल सरकार

अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म संघीय सरकारको राजस्व परिचालन १०.० प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा संघीय सरकारको कुल खर्च ०.९ प्रतिशतले वृद्धि भएको छ।
- व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भएको छ । बीमाको दायरामा आएको जनसङ्ख्या केही न्यून रहेपनि कुल बीमा शुल्क सङ्कलन वृद्धि भएको छ। यस अवधिमा वैदेशिक रोजगारमा जाने थप कामदारको सङ्ख्या घटेको छ भने विप्रेषण आप्रवाहमा वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति घटेको छ। कुल वस्तु निर्यात र आयात दुवैमा कमी आएको छ भने वस्तु व्यापार घाटा २.३ प्रतिशतले सुधार भएको छ।
- चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप, विदेशी विनिमय सञ्चिति समेत वृद्धि भएको छ।
- समग्रमा, अर्थतन्त्रको बाह्य क्षेत्र सबल र सुदृढ भएको छ भने राजस्व सङ्कलन र पूँजीगत खर्चमा वृद्धि गरी आन्तरिक सन्तुलन कायम गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

प्रकाशन तथा सम्पादन

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १० खर्ब ४७ अर्ब ७६ करोडको तुलनामा ०.९ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ५६ अर्ब ८९ करोड पुगेको छ। यस अवधिको चालु र पूँजीगत खर्चमा क्रमशः ४.३ प्रतिशत र ११.० प्रतिशतले कमी आएको छ भने वित्तीय व्यवस्था तर्फको खर्चमा ४२.२ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा सार्वजनिक संस्थानमा भएको सेयर तथा ऋण लगानी, आन्तरिक तथा वैदेशिक ऋणको साँवा भुक्तानी लगायतका खर्चमा वृद्धि भएकोले वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्य वृद्धि भएको हो।

**तालिका (क): पछिल्लो ५ वर्षको बैशाख महिनासम्मको खर्चको स्थिति (रु. अर्बमा)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | ५७२.१३ | ६३०.०५ | ७१६.८७ | ७८६.७४ | ७५२.५६ |
| पूँजीगत | ११४.१२ | १२५.७७ | ११८.२७ | १२५.६८ | १११.८८ |
| वित्तीय व्यवस्था | ७४.२४ | ६८.७२ | ७३.७१ | १३५.३४ | १९२.४५ |
| **कुल** | **७६०.४९** | **८२४.५४** | **९०८.८६** | **१०४७.७६** | **१०५६.८९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको बैशाखसम्मको कुल संघीय सरकारी खर्चमध्ये सबैभन्दा बढी बैशाख महिनाको खर्च १४.० प्रतिशत र सबैभन्दा कम साउन महिनाको खर्च ३.३ प्रतिशत रहेको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.०३३ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९९३०.२३ | ०.०९४ |
| असोज | १२५७२.६९ | ९६६.९२ | १४०३.५१ | १४६२३.३२ | ०.१३८ |
| कात्तिक | ५७७८.४३ | १२१५.६३ | ५१२.०९ | ७५०६.१५ | ०.०७१ |
| मङ्सिर | ८८८२.५३ | ६०७.०६ | २४७.०१ | ९७३६.६० | ०.०९२ |
| पुस | ८३०५.०० | १४३९.०० | २३१९.०० | १२०६३.०० | ०.११४ |
| माघ | ६५९९.२२ | १३१२.८९ | ३४००.२६ | ११३१२.३७ | ०.१०७ |
| फागुन | ७३०६.७७ | १७६३.५९ | २४१२.५५ | ११४८२.९१ | ०.१०९ |
| चैत | ६१९१.५५ | १६१६.२६ | २९७३.०५ | १०७८०.८६ | ०.१०२ |
| बैशाख | १०८५३.१९ | १४५०.५५ | २४४६.३६ | १४७५०.१० | ०.१४० |
| **जम्मा** | **७५२५५.७३** | **१११८८.२९** | **१९२४५.२२** | **१०५६८९.२४** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

## राजस्व परिचालन


३. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्ममा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ७ खर्ब ५६ अर्ब २५ करोडको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रु. ८ खर्ब ३१ अर्ब ९३ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर र गैरकर राजस्वको योगदान क्रमशः ८९.८ प्रतिशत र १०.२ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ८ खर्ब ५४ अर्ब २७ करोड रहेको छ। गत आ.व.को सोही अवधिमा यस्तो रकम रु. ७ खर्ब ९२ अर्ब ५४ करोड रहेको थियो।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दश महिनाको राजस्व परिचालनको स्थिति (रु. अर्बमा)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | ५५१.८७ | ७०९.६२ | ७९९.६६ | ६८४.६३ | ७४६.८३ |
| गैरकर | ५४.९५ | ५१.३८ | ६६.०४ | ७१.६२ | ८५.१० |
| **कुल राजस्व** | **६०६.८२** | **७६१.००** | **८६५.७०** | **७५६.२५** | **८३१.९३** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दश महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

४. नेपाल सरकारले पैठारीमा लगाएको प्रतिबन्ध लगायतका कारणको प्रभावस्वरुप आर्थिक वर्ष २०७९/८० को बैशाखसम्म भन्सार विन्दुमा सङ्कलन हुने राजस्व १२.६ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको सोही अवधिमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा केही कमी आएतापनि समग्र राजस्व सङ्कलनमा १०.४ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको बैशाख महिनासम्मको सङ्कलित राजस्वको संरचना**




**आर्थिक वर्ष २०७९/८०**




**आर्थिक वर्ष २०८०/८१**

स्रोतः अर्थ मन्त्रालय

५. गत आर्थिक वर्षको पहिलो दश महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा अन्तःशुल्क र मूल्य अभिवृद्धि करको योगदानमा कमी आएको छ भने अन्यको हिस्सा वृद्धि भएको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको बैशाख महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०७९/८० बैशाखसम्मको सङ्कलन | आ.व. २०८०/८१ वार्षिक लक्ष्य | बैशाखसम्मको लक्ष्य | बैशाखसम्मको सङ्कलन | बैशाखसम्मको लक्ष्यको तुलनामा सङ्कलन (प्रतिशतमा) | प्रतिशत परिवर्तन | कुल लक्ष्यको तुलनामा सङ्कलन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **१४६९३.७८** | **३०७४३.७७** | **२५८१७.२५** | **१६२३९.१७** | **६२.९०** | **१०.५२** | **५२.८२** |
| **मूल्य अभिवृद्धि कर** | **२२६६८.७७** | **४२५८९.१४** | **३३८२०.०४** | **२४४६२.५२** | **७२.३३** | **७.९१** | **५७.४४** |
| उत्पादन, बिक्री, सेवा | ८८७०.२८ | १५७२१.६२ | १२०५५.१७ | ९८४६.२९ | ८१.६८ | ११.०० | ६२.६३ |
| पैठारी | १३७९८.४९ | २६८६७.५२ | २१७६४.८७ | १४६१६.२४ | ६७.१६ | ५.९३ | ५४.४० |
| **अन्तःशुल्क** | **११६१७.८९** | **२०७२२.१४** | **१६१००.७२** | **११९३८.२४** | **७४.१५** | **२.७६** | **५७.६१** |
| आन्तरिक उत्पादन | ९००३.३५ | १५५५८.५५ | ११९३०.१३ | ८९२२.४६ | ७४.७९ | -०.९० | ५७.३५ |
| पैठारी | २६१४.५४ | ५१६३.५९ | ४१७०.५९ | ३०१५.७९ | ७२.३१ | १५.३५ | ५८.४० |
| **शिक्षा सेवा शुल्क** | **१५०.३५** | **२८१.०२** | **२१५.४८** | **२७३.०७** | **१२६.७२** | **८१.६२** | **९७.१७** |
| **आयकर** | **१९३३२.६७** | **३६२११.८९** | **२७७६६.८९** | **२१७७०.२७** | **७८.४०** | **१२.६१** | **६०.१२** |
| आयकर | १६३०४.६१ | ३०२३१.६२ | २३१८१.२८ | १८३५७.५९ | ७९.१९ | १२.५९ | ६०.७२ |
| ब्याज कर | ३०२८.०६ | ५९८०.२७ | ४५८५.६१ | ३४१२.६८ | ७४.४२ | १२.७० | ५७.०७ |
| **कर राजस्व जम्मा** | **६८४६३.४६** | **१३०५४७.९६** | **१०३७२०.३८** | **७४६८३.२८** | **७२.००** | **९.०८** | **५७.२१** |
| **गैर कर जम्मा** | **७१६१.८२** | **११७०६.२१** | **८१७१.७७** | **८५१०.०४** | **१०४.१४** | **१८.८३** | **७२.७०** |
| **कूल राजस्व जम्मा** | **७५६२५.२७** | **१४२२५४.१७** | **१११८९२.१५** | **८३१९३.३१** | **७४.३५** | **१०.०१** | **५८.४८** |
| **अन्य प्राप्ति** | **३६२९.०७** | **०.००** | **०.००** | **२२३३.६८** | **-** | **-३८.४५** | **-** |
| **जम्मा राजस्व/प्राप्ति** | **७९२५४.३५** | **१४२२५४.१७** | **१११८९२.१५** | **८५४२६.९९** | **७६.३५** | **७.७९** | **६०.०५** |

स्रोतः अर्थ मन्त्रालय

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको बैशाख महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आन्तरिक तर्फको अन्तशुल्क सङ्कलनमा केही कमी आएको छ भने अन्य शीर्षकका कर सङ्कलनमा वृद्धि भएको छ।

७ चालु आर्थिक वर्षको बैशाख महिनासम्म शिक्षा सेवा शुल्क र गैरकर राजस्व लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७४.४ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक राजस्व लक्ष्यको ५८.५ प्रतिशत सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो दश महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ६१ अर्ब २४ करोडको तुलनामा १४.० प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ५४ अर्ब ११ करोड पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा केही कमी आए तापनि प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ९५ अर्ब २ करोडको तुलनामा ५.४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १५ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०८० बैशाखसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६१ लाख ५७ हजार ५ सय ६५ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६७.४ प्रतिशत रहेको छ भने व्यावसायिक स्थायी लेखा नम्बर र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या क्रमशः ३२.१ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ३० हजार ८ सय ५३ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २४ हजार ५ सय ८० पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८० असार मसान्त | आ.व. २०७९/८० को बैशाखसम्ममा थप | २०८०/८१ को बैशाखसम्मको थप | कायम रहेको कुल |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १८७६३०५ | १२३७६० | ९८७१९ | १९७५०२४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | ४९९५७९ | ५००५७७ | ४१५०१९१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | ८०२७ | ४२४३ | ३२३५० |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **६३१३६६** | **६०३५३९** | **६१५७५६५** |
| मू.अ.कर | ३०८४७७ | २०१०३ | २२३७६ | ३३०८५३ |
| अन्तः शुल्क | ११६६७५ | ९१५९ | ७९०५ | १२४५८० |

स्रोतः आन्तरिक राजस्व विभाग


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३२.० प्रतिशतले कमी आई रु. १ खर्ब ३ अर्ब ४७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ५२ अर्ब ७ करोड रहेको थियो। यस अवधिको सहायता प्रतिवद्धतामा अनुदान र ऋणको हिस्सा क्रमशः ४१.१ प्रतिशत र ५८.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको बैशाखसम्मको वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको हिस्सा क्रमशः २५.० प्रतिशत र ७५.० प्रतिशत रहेको थियो।

११. यस अवधिमा भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये एशियाली विकास बैंकबाट ४६.९ प्रतिशत र विश्व बैंक समूहबाट १५.८ प्रतिशत रहेको छ। साथै, यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी सहरी विकास क्षेत्रमा २१.३ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून वातावरण क्षेत्रमा ०.२ प्रतिशत रहेको छ।

चार्ट (ग): चालु आर्थिक वर्षको बैशाख महिनासम्मको कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय

१२. आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनामा रु. ५१ अर्ब १८ करोड वैदेशिक अनुदान प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुदान रकम रु. ४८ अर्ब ५१ करोड रहेको थियो।

१३. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनामा आन्तरिक ऋण रु. १ खर्ब ९१ अर्ब र बाह्य ऋण रु. ७३ अर्ब ६३ करोड गरी कुल रु. २ खर्ब ६४ अर्ब ६३ करोड कुल ऋण प्राप्त गरेको छ। जुन सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्यको ५८.५ प्रतिशत हो।

१४. चालु आर्थिक वर्षको बैशाखसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब ३५ अर्ब ६२ करोड र बाह्य ऋणतर्फ रु. ३० अर्ब ९३ करोड गरी कुल रु. १ खर्ब ६६ अर्ब ५५ करोड कुल सावाँ भुक्तानी गरेको छ भने यस अवधिमा आन्तरिक ऋणतर्फ रु. ५९ अर्ब ६ करोड र बाह्य ऋणतर्फ रु. ७ अर्ब ६६ करोड गरी कुल रु. ६६ अर्ब ७२ करोड ब्याज भुक्तानी गरेको छ।

१५. २०८१ बैशाखसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु. २३ खर्ब ९७ अर्ब ४३ करोड रहेको छ। जसमध्ये आन्तरिक ऋण ४९.४ प्रतिशत र बाह्य ऋण ५०.६ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ७.८ प्रतिशतले वृद्धि भएको छ यस अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.७ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ७.३ प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.३ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्षको बैशाखसम्म वार्षिक विन्दुगत आधारमा निक्षेप तथा निजी क्षेत्रमा जाने कर्जा प्रवाह क्रमशः १२.८ प्रतिशत र ५.२ प्रतिशतले वृद्धि भएको छ।

१७. २०८० बैशाखसम्म ११९ बैंक तथा वित्तीय संस्था रहेकोमा गाभ्ने/गाभिने प्रकृया मार्फत् २०८१ बैशाखसम्ममा यस्तो सङ्ख्या ११० कायम भएको छ। २०८० बैशाखसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५६९ रहेकोमा २०८१ बैशाखमा यस्तो शाखा सङ्ख्या ११,५६६ कायम रहेको छ।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको बैशाख महिनासम्म जारी भएको कुल बीमालेख गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले वृद्धि भई १ करोड ६४ लाख ३४ हजार ६ सय १४ पुगेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेखको सङ्ख्यामा ३५.९ प्रतिशतको उल्लेख्य वृद्धि भएतापनि म्यादी जीवन बीमालेख सङ्ख्यामा ७.७ प्रतिशतले कमी आएको छ। कुल बीमालेखमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८४.९ प्रतिशत र १५.१ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८५.५ प्रतिशत र १४.५ प्रतिशत रहेको थियो।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ५४ अर्ब ५३ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब ४६ अर्ब ८० करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.६ प्रतिशत र २१.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको बैशाखसम्म उक्त हिस्सा क्रमशः ७७.७ प्रतिशत र २२.३ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको बैशाखसम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.५६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.६४ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२२. २०८० बैशाखमा नेप्से सूचकाङ्क १८२१.६५ विन्दु कायम भएकोमा २०८१ बैशाखमा केही सुधार भई नेप्से सूचकाङ्क १९९८.८९ विन्दु कायम भएको छ। चालु आर्थिक वर्षको यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १९.३ प्रतिशतले वृद्धि भई रु. ३१ खर्व ६९ अर्ब ४८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम २०.५ प्रतिशतले कमी आई रु. २६ खर्व ५७ अर्ब ७६ करोड रहेको थियो।


**चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको बैशाख मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२३. २०८० बैशाख २ गते २०३२.३५ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन बैशाख ३१ गते १९९८.८९ विन्दु कायम भएको छ। बैशाख महिनामा नेप्से सूचकाङ्कको उच्चतम बिन्दु २०३२.३५ र न्यूनतम बिन्दु १९५८.७५ रहेको छ।

**चार्ट (ङ): २०८१ बैशाख महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## मूल्य स्थिति

२४. २०८१ बैशाख महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.४ प्रतिशत रहेको थियो।

२५. २०८१ बैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.३ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.५ प्रतिशत र ८.० प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२६. वार्षिक विन्दुगत आधारमा २०८० बैशाख मसान्तमा विस्तृत मुद्राप्रदाय १२.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनासम्म विस्तृत मुद्रा प्रदाय ८.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय ६.९ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२७. पछिल्लो पाँच आर्थिक वर्षको बैशाख महिनासम्मको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म नेपालको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ को बैशाखसम्मको वस्तु व्यापारमा निर्यात आयात अनुपात १०.८ प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश ९.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको पहिलो दश महिनासम्म यस्तो अनुपात क्रमशः ९.७ प्रतिशत र ८.८ प्रतिशत रहेको छ।

तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको बैशाख महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोडमा)

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात | १०२५१३.७८ | १२५४११.०२ | १६०४६५.३१ | १३३५३२.११ | १३०३३५.६१ |
| निर्यात | ८२०६.४८ | १०८४७.९८ | १७३३४.६९ | १३०८९.९३ | १२६१७.१७ |
| कुल व्यापार | ११०७२०.२६ | १३६२५८.९९ | १७७८००.०० | १४६६२२.०४ | १४२९५२.७८ |
| व्यापार घाटा | ९४३०७.३० | ११४५६३.०४ | १४३१३०.६२ | १२०४४२.१८ | ११७७१८.४४ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.० | ८.६ | १०.८ | ९.८ | ९.७ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.६ | ९२.० | ९०.३ | ९१.१ | ९१.२ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.४ | ८.० | ९.७ | ८.९ | ८.८ |

स्रोतः भन्सार विभाग

## वस्तु निर्यात

२८. आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले संकुचित भई रु. १ खर्ब २६ अर्ब १७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात २४.५ प्रतिशतले न्यून भई रु. १ खर्ब ३० अर्ब ९० करोड रहेको थियो। यस अवधिमा फलामे पाता, प्लाइउड, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा, ऊनी गलैंचा कार्पेट, अलैंची लगायतका वस्तुको निर्यात घटेको छ।

२९. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ६८.२ प्रतिशत, १.८ प्रतिशत र ३०.० प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६९.६ प्रतिशत, १.० प्रतिशत र २९.४ प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारततर्फ भएको निर्यात ५.६ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ६८.१ प्रतिशतले वृद्धि भएको छ।

तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको बैशाखसम्म निर्यात भएका प्रमुख १० वस्तुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | ९८०.४८ | ९४६.२३ | -३.५ |
| फलामे पाता | ५७०.५४ | ९३९.२१ | ६४.६ |
| उनी गलैंचा कार्पेट | ९४३.९७ | ८७९.९८ | -६.८ |
| फलफुलको जुस | ५३३.४२ | ७१८.६९ | ३४.७ |
| तयारी कपडा | ६२५.२४ | ७०३.५४ | १२.५ |
| अलैची | ७२८.१७ | ६९१.८० | -५.० |

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | १८४४.३३ | ६३१.८२ | -६५.७ |
| प्लाइउड | ३५८.४९ | ५९९.६२ | ६७.३ |
| जमोठ कपडा | ४०८.६८ | ३८४.७२ | -५.९ |
| जुटका बुनिएका कपडा | ४०५.०४ | ३८२.१७ | -५.६ |
| अन्य | ५६९१.५७ | ५७३९.३९ | ०.८ |
| **जम्मा** | **१३०८९.९३** | **१२६१७.१७** | **-३.६** |

स्रोतः भन्सार विभाग

## वस्तु आयात

३१. आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.४ प्रतिशतले संकुचित भई रु. १३ खर्ब ३ अर्ब ३६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १६.८ प्रतिशतले कमी आई रु. १३ खर्ब ३५ अर्ब ३२ करोड रहेको थियो।

३२. चालु आर्थिक वर्षको पहिलो दश महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा विद्युतबाट सञ्चालित जीप कार र भ्यान, एच.आर सीट, तयारी कपडा, मोवाइल टेलिफोन, एलोपेथीक औषधी लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा सुन, शुद्ध फलाम, डिजेल, एलपी ग्यास लगायतका वस्तुको आयात घटेको छ।

३३. यस अवधिको कुल वस्तु आयातमा पेट्रोल, डिजेल र एल.पी. ग्याँसको अंश १६.८ प्रतिशत रहेको छ। अघिल्लो आ.व. को सोही अवधिमा यस्तो अंश १७.३ प्रतिशत रहेको थियो।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.६ प्रतिशत, १८.५ प्रतिशत र १८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६३.२ प्रतिशत, १३.४ प्रतिशत र २३.४ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत तर्फको आयात ३.४ प्रतिशतले घटेको छ भने चीन तर्फको आयात ३४.४ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको बैशाख महिनासम्म आयात भएका प्रमुख १० वस्तुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १२५३६.३९ | ११५६७.०१ | -७.७ |
| पेट्रोल | ५५७९.२५ | ५६८०.१४ | १.८ |
| एल पि ग्यास | ४९७३.१५ | ४६०१.०२ | -७.५ |
| एच.आर.सिट | १७९६.७८ | ३६७८.५५ | १०४.७ |
| शुद्ध फलाम | ३४८१.९४ | ३१३१.३५ | -१०.१ |
| तयारी कपडा | २१७८.५७ | २९७४.७३ | ३६.५ |
| मोवाइल टेलिफोन | २२२९.८२ | २५१५.६१ | १२.८ |
| सुन | ३९९४.८७ | २३४८.८७ | -४१.२ |
| अन्य एलोपेथीक औषधी | २००६.३७ | २२७६.९७ | १३.५ |
| विद्युतबाट संचालित जीप कार र भ्यान | ८६३.०८ | २१५७.३६ | १५०.० |
| अन्य | ९३८९१.८९ | ८९४०४.०० | -४.८ |
| **जम्मा** | **१३३५३२.११** | **१३०३३५.६१** | **-२.४** |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

३६. आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले सुधार भई रु. ११ खर्ब ७७ अर्ब १८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १५.९ प्रतिशतले सुधार भई रु. १२ खर्ब ४ अर्ब ४२ करोड रहेको थियो।


**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दश महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)**




स्रोतः भन्सार विभाग

३७. आयातमा आएको कमीसँगै पछिल्ला आर्थिक वर्षमा व्यापार घाटा कम हुँदै गएको छ। विगत पाँच आर्थिक वर्षको बैशाखसम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/७९ को बैशाखसम्म वस्तु आयातमा वृद्धि भएको र व्यापार घाटा उच्च भएको देखिन्छ भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दश महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३८. मुलुकको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो दश महिनाको तथ्याङ्क विश्लेषण गर्दा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म सामान्य वृद्धि हुँदै गएकोमा त्यस पछिका वर्षमा पुनः घट्दै गएको छ। चालु आर्थिक वर्षको बैशाख महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.८ प्रतिशत र ९१.२ प्रतिशत रहेको छ।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १ खर्ब ५२ अर्ब ७९ करोडको तुलनामा ३२.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब २ अर्ब ५८ करोड पुगेको छ। कुल सेवा आयमध्ये पर्यटन क्षेत्रबाट प्राप्त आयको हिस्सा ३४.३ प्रतिशत रहेको छ।

४०. सेवा खर्च गत वर्षको सोही अवधिको रू. २ खर्ब १८ अर्ब ६६ करोडको तुलनामा १६.४ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ५४ अर्ब ५० करोड पुगेको छ। कुल सेवा खर्चमध्ये पर्यटन क्षेत्रको खर्चको हिस्सा (शिक्षामा भएको खर्च सहित) ६१.७ प्रतिशत र शिक्षामा भएको खर्चको हिस्सा ४१.० प्रतिशत रहेको छ।

४१. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म खुद सेवा आय रू. ५१ अर्ब ९२ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ६५ अर्ब ८८ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४२. चालु आर्थिक वर्षको बैशाखसम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा ११.० प्रतिशतले गिरावट आएतापनि विप्रेषण आप्रवाह भने वृद्धि भएको छ।

४३. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. १० खर्ब ५ अर्ब १८ करोडको तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रू. ११ खर्ब ९८ अर्ब ६० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३.४ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा १७.१ प्रतिशतले वृद्धि भएको छ।

४४. चालु आर्थिक वर्षको पहिलो दश महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.० प्रतिशतले कमी आई ३ लाख ७४ हजार ८ सय ८७ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ४ लाख २१ हजार २ सय ७९ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा समेत केही कमी आई २ लाख ३७ हजार ८ सय ९३ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४५. आर्थिक वर्ष २०८०/८१ को बैशाखसम्म शोधनान्तर स्थिति रु. ३ खर्ब ९२ अर्ब ६४ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब ९ अर्ब ४९ करोडले बचतमा रहेको थियो। त्यसैगरी, यस अवधिमा चालु खाता रु. १ खर्ब ९३ अर्ब २५ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ६३ अर्ब ७४ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४६. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रू. १४ खर्ब ७० अर्ब ३३ करोडको तुलनामा ३२.१ प्रतिशतले वृद्धि भई रु. १९ खर्ब ४२ अर्ब ४० करोड कायम भएको छ।

४७. आर्थिक वर्ष २०८०/८१ को पहिलो दश महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.१ महिनाको वस्तु आयात र १२.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४८. २०८० असार मसान्तको तुलनामा २०८१ बैशाख मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.६१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३३.३१ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४९. आर्थिक वर्ष २०८०/८१ को बैशाख महिनासम्म दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.० प्रतिशतले वृद्धि भई २०,८८७ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता सङ्ख्या २७.६ प्रतिशतले घटेको थियो।

**चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो दश महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## पर्यटक आगमन

५०. सन् २०२४ को अप्रिलसम्म नेपाल आउने पर्यटकको सङ्ख्या २५.३ प्रतिशतले वृद्धि भई ५ लाख ६ हजार २ सय ८० पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ४ लाख ४ हजार २ सय ३१ रहेको थियो। २०२३ अगष्टदेखि २०२४ अप्रिलसम्मको कुल पर्यटक आगमन अघिल्लो आर्थिक वर्षको सोही अवधिको ७ लाख ३३ हजार १६ को तुलनामा ३४.६ प्रतिशतले वृद्धि भई ९ लाख ८६ हजार ९ सय ४९ पुगेको छ।

५१. चालु आर्थिक वर्षको पहिलो दश महिनामा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा ३५.१ प्रतिशतले वृद्धि भई रू. ६९ अर्ब ४१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रू. ५१ अर्ब ३७ करोड रहेको थियो।

## अनुसूची

## चालु आर्थिक वर्षको पहिलो दश महिनाको मासिक आर्थिक परिसूचक

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| वास्तविक क्षेत्र | | | | | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशत | ३.८७ प्रतिशत | | | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.५२ | ८.१९ | ७.५ | ५.३८ | ४.९५ | ५.२६ | ५.०१ | ४.८२ | ४.६१ | ४.४ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशत | ८.९५ | ९.७४ | ८.३८ | ६.०१ | ५.१ | ५.७७ | ६.५१ | ५.९४ | ५.२१ | ६.२७ |
| गैर खाद्य तथा सेवा | प्रतिशत | ६.४२ | ६.९९ | ६.८१ | ४.८९ | ४.८४ | ४.८५ | ३.८५ | ३.९५ | ४.१४ | २.९६ |
| सार्वजनिक वित्त | | | | | | | | | | | |
| कर राजस्व | रु. करोड | ७०१८ | १२७९६ | १९९४६ | २५४३० | ३३७१९ | ४४३५५ | ५१०५० | ५७८६७ | ६७११२ | ७४६८३ |
| गैर कर राजस्व | रु. करोड | ८७० | १३१२ | १९६५ | २२३४ | २६२४ | ५२९५ | ५६९१ | ६०३७ | ७६९३ | ८५१० |
| कूल राजस्व | रु. करोड | ७८८७ | १४१०८ | २१९१२ | २७६६४ | ३६३४३ | ४९६५० | ५६७४० | ६३९०५ | ७४८०४ | ८३१९३ |
| अन्य प्राप्ति | रु. करोड | ९२६ | १३१६ | १५४६ | १६२६ | १७७४ | १८९० | २१४० | २२०३ | २२२४ | २२३४ |
| जम्मा राजस्व/प्राप्ति | रु. करोड | ८८१४ | १५४२४ | २३४५७ | २९२९० | ३८११७ | ५१५४० | ५८८८० | ६६१०७ | ७७०२८ | ८५४२७ |
| बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | रु. करोड | ९५३ | १८०० | २८०० | ३५५८ | ४६९३ | ५७५६ | ६६७५ | ७७३७ | ८८६६ | १००१५ |
| चालु खर्च | रु. करोड | १२१४ | ८७६६ | २१३३९ | २७११७ | ३६००० | ४४३०५ | ५०९०४ | ५८२११ | ६४४०३ | ७५२५६ |
| पूँजीगत खर्च | रु. करोड | ८२ | ८१६ | १७८३ | २९९९ | ३६०६ | ५०४५ | ६३५८ | ८१२१ | ९७३८ | १११८८ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| वित्तीय व्यवस्था | रु. करोड | २२०८ | ३५३१ | ४९३५ | ५४४७ | ५६९४ | ८०१३ | ११४१३ | १३८२६ | १६७९९ | १९२४५ |
| कुल सार्वजनिक खर्च | रु. करोड | ३५०४ | १३११४ | २८०५७ | ३५५६३ | ४५३०० | ५७३६३ | ६८६७५ | ८०१५८ | ९०९३९ | १०५६८९ |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोड | ११२००९ | ११४०५३ | ११८३५७ | ११८३५७ | ११९७५७ | ११९८०४ | ११८८४४ | ११८९४४ | ११७९४८ | ११८४४८ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोड | ११७१७३ | ११७४१४ | ११७७६४ | ११७६७५ | ११८८५२ | १२०४२२ | १२०४९३ | १२०५४७ | १२०६३१ | १२१२९५ |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | रु. करोड | २२९१८१ | २३१४६७ | २३६१२२ | २३६०३३ | २३८६०९ | २४०२२७ | २३९३३८ | २३९४९१ | २३८५७९ | २३९७४३ |
| आन्तरिक ऋण प्राप्ति | रु. करोड | १३०६ | ४४२६ | ९७३१ | ९७३१ | १११३१ | १२८३१ | १५०३१ | १६३३१ | १७६०० | १९१०० |
| बाह्य ऋण प्राप्ति | रु. करोड | २७२ | ८५४ | १६०६ | १९१४ | ३५०८ | ५२०६ | ५४८१ | ५८२९ | ६२९४ | ७३६३ |
| ऋण प्राप्ति (आन्तरिक र वाह्य) | रु. करोड | १५७८ | ५२८० | ११३३७ | ११६४५ | १४६३९ | १८०३७ | २०५१२ | २२१६० | २३८९४ | २६४६३ |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोड | २२०८ | ३२८३ | ४२८४ | ४२८४ | ४२८४ | ५९३७ | ९०९७ | १०२९७ | १२५६२ | १३५६२ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोड | १२४ | ४६४ | ८६७ | १२६४ | १६८१ | १८०८ | २०१३ | २३०७ | २६८८ | ३०९३ |
| आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी | रु. करोड | २३३२ | ३७४८ | ५१५१ | ५५४८ | ५९६५ | ७७४५ | १११10 | १२६०४ | १५२५० | १६६५५ |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता | रु. करोड | १०६३ | १०६३ | १३७८ | ४०६९ | ५८१७ | ५९९८ | ८९४८ | १०१२० | १०२१४ | १०३४७ |
| वैदेशिक अनुदान सहायता प्राप्ति | रु. करोड | | | | | | | | ३९८२ | ४५७३ | ५११८ |
| स्थायी लेखा नम्बर (हालसम्म) | (हजार) | ५६३१ | ५६९३ | ५७६८ | ५७९७ | ५८५४ | ५९१८ | ५९८० | ६०४९ | ६१०६ | ६१५८ |
| सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | | | | | | | |
| कर राजस्व | प्रतिशत | -०.७ | -२.१ | ५.३ | ३.५ | ११.८ | ९.४ | १०.० | ९.९ | ८.९ | ९.१ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| गैर कर राजस्व | प्रतिशत | -४.२ | ०.१ | २.३ | ०.२ | ३.२ | ११.६ | १२.७ | ७.२ | १३.६ | १८.८ |
| कुल राजस्व | प्रतिशत | -१.१ | -१.९ | ५ | ३.२ | ११.२ | ९.७ | १०.२ | ९.७ | ९.४ | १०.० |
| अन्य प्राप्ति | प्रतिशत | -११.६ | -२८.६ | -३२.१ | -३२ | -३५.६ | -३९.२ | -३८.४ | -३७.४ | -३८.० | -३८.५ |
| जम्मा राजस्व/प्राप्ति | प्रतिशत | -२.३ | -४.९ | १.४ | ०.३ | ७.५ | ६.५ | ७.२ | ७.० | ७.० | ७.८ |
| चालु खर्च | प्रतिशत | ११४.५ | -१९.४ | -४.६ | -३.६ | १.६ | -२.७ | -४.२ | -४.४ | -८.९ | -४.३ |
| पूँजीगत खर्च | प्रतिशत | -४४.६ | ३९.३ | -९.४ | १४.१ | ६.१ | -५.६ | -४.१ | -३.६ | -९.२ | -११.० |
| वित्तीय व्यवस्था | प्रतिशत | ४६.१ | ७८.८ | ४२.१ | २५.८ | २१.२ | १८.३ | ६३.४ | ६०.५ | ३०.२ | ४२.२ |
| कुल सार्वजनिक खर्च | प्रतिशत | ५७.४ | -२.४ | ०.९ | १.३ | ४.१ | -०.५ | २.९ | २.९ | -३.६ | ०.९ |
| **मुद्रा तथा बैंकिङ** | | | | | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M२) (वार्षिक बिन्दुगत) | प्रतिशत | १०.७ | ११.९ | १३.८ | १४.१ | १४.३ | १४.३ | १३.७ | १४.० | १२.३ | १२.४ |
| संकुचित मुद्राप्रदाय (M १) (वार्षिक बिन्दुगत)) | प्रतिशत | -१०.० | -४.० | ३.० | ५.० | २.० | ४.० | ०.० | १.५ | -६.७ | -७.७ |
| एम ३ ((M ३) (वार्षिक बिन्दुगत) | प्रतिशत | १०.८ | १२ | १३.९ | १४.२ | १४.३ | १४.३ | १३.७ | १४.० | १२.३ | १२.४ |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशत | ११.९ | १३.२ | १४.९ | १४.३ | १५.० | १४.९ | १४.४ | १४.६ | १२.५ | १२.८ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत | ७.३ | ७.६ | ९ | ८.८ | ८.५ | ८.६ | ८ | ८.४ | ५.५ | ५.९ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत | ३.८ | ४ | ४.८ | ४.४ | ४.५ | ४.९ | ४.७ | ५.२ | ४.९ | ५.२ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| निक्षेपको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशत | ८ | ८.१ | ७.९ | ७.८ | ७.६ | ७.३ | ७.०१ | ६.७४ | ६.५३ | ६.३५ |
| कर्जाको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशत | १२.२ | १२.२ | १२.१ | १२ | ११.९ | ११.४ | ११.०८ | १०.७८ | १०.५५ | १०.३४ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशत | १०.१ | १०.१ | ९.९ | ९.७ | ९.६ | ९.४ | ९.०६ | ८.७७ | ८.५१ | ८.३४ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्या) | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ | ११५७० | ११५६७ | ११५८७ | ११५९३ | ११५९० | ११५६६ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंया | २०३३ | १९६५ | १८६५ | १८५२ | १९९५ | २१२१ | २१२१.८७ | २१०८.७३ | २०२५.८१ | १९९८.९ |
| बजार पूँजीकरण | रु. करोड | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ | ३०७६५२ | ३३३०७५ | ३३०२८४ | ३३१४६३ | ३२१२०१ | ३१६९४८ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोड | २३५९ | ३६२२ | ५१२६ | ६२१८ | ७७५१ | ९३६६ | १०९३९ | १२४८६ | १४०३१ | १५४५३ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशत | ४४ | ४२.२ | ४३.४ | ४३ | ४३.१ | ४३.१ | ४३.१ | ४३.२ | ४३.३ | ४३.६ |
| **बाह्य क्षेत्र** | | | | | | | | | | | |
| चालु खाता | रु. करोड | १२९९ | २३५० | ५९०९ | ९६३८ | १४०२३ | १६१६२ | १६१६९ | १६६८७ | १७९४८ | १९३२५ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाख | ९८ | १७८ | ४४५ | ७२५ | १०५४ | १२१० | १२१५ | १२५४ | १३४९ | १४५२ |
| शोधनान्तर स्थिति | रु. करोड | ३२९० | ५३६१ | ९९०७ | १४७११ | २१०५९ | २७३५२ | २९७७२ | ३२७५५ | ३६५१६ | ३९२६४ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाख | २४९ | ४०६ | ७४७ | ११०८ | १५८४ | २०६० | २२३९ | २४६४ | २७४७ | २९५२ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोड | ११६०२ | २२८३७ | ३६५३४ | ४७७९६ | ६१३२५ | ७३३२२ | ८३९०० | ९६१२२ | १०८२६२ | ११९८६० |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाख | ८८० | १७२७ | २७५६ | ३६०२ | ४६१६ | ५५२० | ६३१४ | ७२३५ | ८१४७ | ९०१५ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोड | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ | १७६७०४ | १८१६५७ | १८४४९४ | १८७२८२ | १९११८६ | १९४२४० |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाख | ११८५२ | १२०१३ | १२३३१ | १२७५४ | १३३०५ | १३६९० | १३८९० | १४१४१ | १४३६४ | १४५३८ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिना | १२.५ | १२.६ | १२.४ | १३.६ | १४.१ | १४.५ | १४.७ | १४.८ | १५.० | १५.१ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिना | १०.३ | १०.३ | १०.३ | ११.३ | ११.८ | १२.१ | १२.३ | १२.४ | १२.५ | १२.६ |
| कुल वस्तु निर्यात | रु. करोड | १३५३ | २६४५ | ४०८७ | ५०५६ | ६३२१ | ७४९७ | ८६८३ | १००६२ | ११३९४ | १२६१७ |
| कुल वस्तु आयात | रु. करोड | १२९२४ | २५९७५ | ४०७७६ | ५१२५० | ६४२२१ | ७६८१७ | ८९७९४ | १०३०२२ | ११६७३७ | १३०३३६ |
| कुल वस्तु व्यापार घाटा | रु. करोड | ११५७१ | २३३३० | ३६६८८ | ४६१९४ | ५७९०० | ६९३२० | ८११११ | ९२९६१ | १०५३४३ | ११७७१८ |
| वैदेशिक लगानी आप्रवाह | रु. करोड | २६५ | ३०० | ३३८ | ३६५ | ३९३ | ४५४ | ५१९ | ५६३ | ६४९ | ७०५ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोड | ११९३ | १४६२ | १६६० | १८३५ | २०६१ | २२३४ | २२६८ | २९१३ | ३०१० | ४१३९ |
| भ्रमण आय | रु. करोड | ४३९ | ९३४ | १७०२ | २५७४ | ३३९५ | ३९५६ | ४५४० | ५१३९ | ६०४५ | ६९४१ |
| भ्रमण खर्च | रु. करोड | १७२६ | ३५६० | ५१८० | ६१९२ | ७५७३ | ९२८७ | १०४७५ | १२२८१ | १४३२२ | १५६९५ |
| बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशत | २५.८ | २२.१ | ३० | २६.४ | २७.६ | २५.३ | २१.६ | २१.० | १९.८ | १९.२ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशत | २१.५ | १७.७ | २५.९ | २३.१ | २४.५ | २२.६ | १९.१ | १८.८ | १७.७ | १७.१ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशत | ३१.३ | ३४.५ | ३१.८ | ३६.१ | ३६.७ | ३५.८ | ३३.४ | ३३.७ | २४.२ | २६.२ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशत | २५.८ | २८.५ | ३०.४ | ३२.८ | ३५.८ | ३३.२ | ३२.५ | ३२.६ | २२.७ | २४.२ |
| वस्तु निर्यात | प्रतिशत | -८.७ | -७.८ | -२.३ | -३.८ | -६.१ | -७.२ | -७.१ | -४.० | -३.७ | -३.६ |
| वस्तु आयात | प्रतिशत | -१.६ | -५.१ | १.७ | -७.७ | -३.४ | -३.१ | -२.३ | -२.७ | -२.८ | -२.४ |
| वस्तु व्यापार घाटा | प्रतिशत | -०.७ | -४.७ | २.१ | -३.३ | -३.१ | -२.६ | -१.८ | -२.५ | -२.८ | -२.३ |
| वैदेशिक लगानी आप्रवाह | प्रतिशत | ५४६.१ | २००.५ | ७९.१ | ६३.२ | ६३ | ७७.५ | ८२.६ | ८९.३ | ४६.५४५४ | १४.४ |
| **अन्य** | | | | | | | | | | | |
| कम्पनी दर्ता | सङ्ख्या | २१०२ | ४३९५ | ६९७५ | ८०८० | १००४२ | १२००७ | १४२५३ | १६५८६ | १८७०५ | २०८८७ |
| विनिमय दर ( $१ = रु. ...) | रुपैंया | १३२.४३ | १३२.८० | १३२.९५ | १३२.७४ | १३२.५१ | १३२.३८ | १३२.५६ | १३२.१४ | १३२.८० | १३३.३१ |
| विद्युत् उपलब्धता, मासिक कुल | हजार मेगावाट घण्टा | १४६८ | १४५१ | १४५६ | ११८५ | ९७४ | ८८१ | ९२५ | ९३६ | NA | NA |
| विद्युत् निर्यात , मासिक कुल | हजार मेगावाट घण्टा | २५० | ३०४ | ४१० | ३७९ | ११५ | ३ | ० | ० | NA | NA |
| विद्युत् आयात , मासिक कुल | हजार मेगावाट घण्टा | ११ | १ | ० | ० | २८ | १६५ | ३२८ | ४०६ | NA | NA |
| कुल विद्युत माग, मासिक कुल | हजार मेगावाट घण्टा | १४७६ | १४५३ | १०५० | ८०७ | ८६१ | ८८७ | ९८१ | ९८८ | NA | NA |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | हजार मेगावाट घण्टा | १२१८ | ११४७ | १०४७ | ८०६ | ८५८ | ८७८ | ९२५ | ९३६ | NA | NA |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म |
| पर्यटक आगमन | हजार | ६७.२ | १५८.२ | २७५.५ | ३८४.१ | ४८०.७ | ५५९.८ | ६५७.२ | ७८५.४ | ८२९.६ | ९८६.९ |
| श्रम स्वीकृति (नयाँ र पुनः श्रम स्वीकृति) लिने नेपाली | हजार | ५५.६ | १०६.५ | १६२.७ | २०६.३ | २७७.६ | ३४३.४ | ४०५.६ | ४७१.२ | ५४२.१ | ६१२.८ |

स्रोतः अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैङ्क/उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/विद्युत प्राधिकरण/नेपाल बीमा प्राधिकरण, २०८१